का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० साउन २०७९,
शुक्रबार
5 August 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक १८१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

आम निर्वाचन २०७९

# चुनावमा होमियो देश

प्रतिनिधिसभा र प्रदेश सभाको चुनावको मिति घोषणा भएसँगै राजनीतिक दलहरु चुनाव केन्द्रीत रणनीतिमा जुट्दैछन् । आगामी पाँच वर्षका लागि शासन गर्ने जनादेश लिने महासंग्राममा नेताहरु मात्रै होमिएका छैनन्, नागरिकमा पनि उस्तै उत्साह र कौतुहलता छ ।




- निर्वाचनका लागि १०८ दिनको समयावधि
- आजदेखि मतदाता नामावली संकलन स्थगित
- आइतबारदेखि राजनीति दल दर्ताको प्रक्रिया सुरु हुने
- साउन भित्रै दलहरुसँग समानुपातिकतर्फका उम्मेदवारको सूची मागिने
- एक साता भित्र मतदानस्थल र केन्द्रबारे पुनरावलोकन प्रतिवेदन तयार
- दशैं विदा लगतै उम्मेदवारको मनोनयन सुरु
- कातिकभर प्रचारप्रसार अवधि



चुनाव समयमै निश्पक्ष रुपमा हुन्छ । चुनावमार्फत् जनताको मातादेश लिएर शासन गर्ने हो ।

**शेरबहादुर देउवा**
प्रधानमन्त्री



४ मंसिरको मिति स्वाभाविक र अपेक्षित छ ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



चुनावका लागि कुनै कसर बाँकी नराखेर काम गर्छौं ।

**दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

सरकारले आगामी मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेश सभाको चुनावको मिति घोषणा गरेको छ । उत्तम साइतका लागि जोतिषलाई समेत देखाएर सरकारले चुनावको मिति सार्वजनिक गरेसँगै राजनीतिक दलहरु चुनाव केन्द्रीत रणनीतिमा जुट्दैछन्। आगामी पाँच वर्षमा शासन गर्ने अधिकार प्राप्त गर्ने महासंग्राममा नेताहरु मात्रै होमिएका छैनन्, नागरिकमा पनि उस्तै उत्साह र कौतुहलता छ। उस्तै गरी निर्वाचन अयोग पनि चुनावको तयारीमा जुटेको छ । यसपालि निर्वाचनका लागि करिव १०५ दिनको समयावधि निर्वाचन आयोगले पाएको छ ।

चुनावको मिति घोषणा भएपछि प्रमुख प्रतिपक्षी नेकपा एमालेले स्वागत गरेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनका लागि ४ मंसिरको मिति स्वाभाविक र अपेक्षित रहेको बताए। चुनावको मिति घोषणा गरेर सत्ता गठबन्धन आन्तरिक – बाँकी पृष्ठ २ मा

## विज्ञापनसंहिताको पालना गरौं

विज्ञापन आचारसंहिताले

- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गर्ने व्यवस्था गरेको छ ।
- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकरण गरौं ।

विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संसदको कार्यकाल मंसिर २१ सम्म

प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकालमाथिको बहसलाई निर्वाचन आयोगले नै अन्त्य गर्ने प्रयास गरेको छ । आयोगका अनुसार संसदको कार्यकाल मंसिर २१ सम्म रहनेछ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

निर्वाचन आयोगले चुनावको मिति घोषणाअघि भएको प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकालमाथिको बहसलाई अन्त्य गर्ने प्रयास गरेको छ। आयोगका अनुसार संसदको कार्यकाल मंसिर २१ सम्म रहनेछ। यसको आधार २०७४ सालमा भएको चुनावलाई लिइएको छ। २०७४ सालमा मंसिर १० र २१ गरी दुई चरणमा चुनाव भएको थियो। दोस्रो चरणको चुनावको मितिलाई आधार मानेर आयोगले मंसिर २१ गतेसम्म आर्यकाल रहने भनेको हो। संविधानको धारा ८५ मा प्रतिनिधिसभाको कार्यकाल ५ बर्ष हुने उल्लेख छ।



विगतको अभ्यास र परम्परा छ । यसकारण संसदको कार्यकालका सम्बन्धमा धेरै ठुलो विवाद छैन ।

**डा.रोजनाथ पाण्डे**
**प्रवक्ता, संघीय संसद सचिवालय**

निर्वानबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरुको पदावधि मंसिर २१ गते सकिने बताएका हुन्।

'आयोगले आफनो सिफारिस पेश गर्दा संविधानमा भएको व्यवस्था र निर्वाचन कानुनमा निर्वाचित मितिबाट पदावधि प्रारम्भ हुन्छ भन्ने व्यवस्था भएकाले त्यसैलाई टेकेर आउँदो मंसिरको २१ गते पदावधि सकिन्छ भनेर हामीले लिखित – बाँकी पृष्ठ २ मा

## नेपाल–जापान संयुक्त कार्यसमितिको बैठक सम्पन्न

# 'एसएसडब्लु' प्रणालीमा कामदार पठाउन कार्यविधि बन्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन

जापानी भाषा र सीप परीक्षा उत्तीर्ण गरी जापान जाने तयारी अवस्थामा रहेका नेपालीलाई यथाशक्य छिटो पठाउने विषयमा सहजीकरण गर्ने निर्णय गर्दै नेपाल-जापान संयुक्त कार्यसमितिको बैठक सम्पन्न भएको छ। काठमाडौंमा बिहीबार सम्पन्न बैठकमा जापानको स्पेसिफाइड स्किल वर्कर्स (एसएसडब्लु) प्रणाली कार्यान्वयन गरी नेपाली नागरिकलाई जापान पठाउन नेपाल सरकारले निर्माण गर्नुपर्ने कार्यविधि बनाउने विषयमा छलफल भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

जापान सरकारले त्यहाँको औपचारिक माध्यमबाट एसएसडब्लु प्रणालीअन्तर्गत नेपालबाट कामदार उपलब्ध हुने विषयको जानकारी रोजगारदातालाई गराउने तथा नेपाल-जापान श्रम



समझदारीपत्रमा नेपाल तथा जापानको समसामयिक कानूनी व्यवस्था समेटेर परिमार्जन गर्नुपर्ने भएमा सोको तयारी गर्ने विषयमा छलफल भएको थियो।

संयुक्त कार्यसमितिको तेस्रो बैठक जापानमा आयोजना गरिने दुबै पक्षबीच सहमति भएको छ । संयुक्त कार्यसमितिको पहिलो बैठक सन् २०२० को नोभेम्बरमा भर्चुअल माध्यमबाट बसेको थियो । पहिलो बैठकको सहमतिअनुसार जापानमा केयरगिभर, कृषि, निर्माण क्षेत्र र रेष्टुरेन्टमा करिब ८५० नेपालीले रोजगारी प्राप्त गरेका छन्।

सन् २०१९ मा नेपाल र जापानबीच 'स्पेसिफाइड स्किल वर्कर्स' (एसएसडब्लु) प्रणालीअन्तर्गत नेपाली नागरिकलाई जापानमा रोजगारीका अवसर प्रदान गर्नेगरी श्रम समझदारी भएको थियो। सो प्रणालीअन्तर्गत जापानका १४ वटा विभिन्न पेशागत क्षेत्रमा नेपालीले रोजगारी पाउने जनाइएको छ।

बैठकमा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### निजी क्षेत्र सहभागी नगराए जापान रोजगारी सपनामात्र : अध्यक्ष महत

काठमाडौं/मस- निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरूले स्पेसिफाइड स्किल वर्कर्स (एसएसडब्लु) प्रणालीमा जापान कामदार पठाउन बनाइने कार्यविधिमा निजी क्षेत्रलाई सहभागी नगराए जापानको रोजगार अफसल हुने बताएका छन्।

जापानमा कामदार पठाउने व्यवसायीहरूको संगठन जापान इम्प्लोइमेन्ट कोअर्डिनेशन काउन्सिल (जेईसीसी)का अध्यक्ष एवं हिमालयन जब एक्सफ्लोर प्रा.लि.का संचालक मदन महतले जापानको रोजगारी दक्षिण कोरियाको ईपीएस प्रणालीमा आधारित सरकारीस्तरको कामदारको कोटा सुनिश्चित नहुने प्रकृतिको रहेकोले – बाँकी पृष्ठ २ मा

बढ्दो बेमेल

# परिणाम: सम्बन्ध बिच्छेद, हत्या र आत्महत्या

पछिल्लो समय एकपछि अर्को गर्दै बढेको पारिवारिक बेमेलताको असर उनका छोराछोरीमा समेत परेको छ । तर, कतिपय अवस्थामा भने आर्थिक अवस्था दयनीय हुँदा पनि परिवार सहित नै आत्महत्या गर्ने क्रम बढेको देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

गत सोमबार बिहानै काठमाडौंको तारकेश्वरमा एकै परिवारका चार जनाको मृत्यु भएको खबर बाहिरियो। धेरैले हत्याको आशंका गरे भने केहीले लुटपाटको । तर, वास्तवमा उक्त मृत्यु पारिवारिक बेमेलका कारण भएको थियो ।

गोरखा स्थायी घर भई तारकेश्वर नगरपालिका-२, पदमसालस्थित आफ्नै घरमा घरधनी ४१ वर्षीय दिनेश पाण्डेले पत्नी ३९ वर्षीया सुनिता, १३ वर्षीया छोरी आशिका र ८ वर्षीय छोरा आशिकको हत्या गरेका थिए । श्रीमतीसँगको बढ्दो मनमुटावका कारण उनले आफूसहित ४ जनाकै हत्या गरेका हुन् ।

त्यस्तै, साउनको पहिलो हप्तामै चितवनमा श्रीमतीको हत्या गरेर भाग्न खोज्दा श्रीमानको मृत्यु भएको थियो। वैदेशिक रोजगारीबाट केही समयअघि फर्किएका उनले श्रीमतीलाई धारिलो हतियारले मारेर भाग्न खोज्दा आफू पनि खसेर मरेका हुन्।

त्यस्तै, गत जेठमा चितवनको खैरहनीमै श्रीमानले विवाद हुँदा श्रीमतीको यौनाङ्गमा लौरो घुसाएर बेहोस बनाउपछि उपचारका क्रममा मृत्यु भएको थियो ।

२०७७ भदौ २३ मा भक्तपुरको मध्यपुर थिमि नगरपालिका-९, निकोसेराका ३६ वर्षीय सुदीप अधिकारीले पत्नी ३४ वर्षीया सम्झना अधिकारी र छोरा १५ वर्षीय सुशान्तको हत्या गरी आत्महत्या गरेका थिए । यी त प्रतिनिधि घटना मात्रै हुन्, बढ्दो पारिवारिक वेमेलताका कारण हत्या, आत्महत्या र सम्बन्ध विच्छेदका घटना दिनहुँ बढ्न थालेका छन्।

प्रहरीका अनुसार आर्थिक वर्ष २०७४/७५ देखि ०७८/७९ को पाँच वर्षमा आत्महत्याबाट ज्यान गुमाउनेको संख्या ३१ हजार २ सय २१ छ। यो तथ्यांकलाई केलाउने हो भने पाँच वर्षमा दैनिक आत्महत्या गर्नेको संख्या १७ जनाभन्दा बढी हुन आउँछ।

आव ०७४/७५ मा ५ हजार ३ सय १७, ०७५/७६ मा ५ हजार ७ सय ५४, ०७६/७७ मा ६ हजार २ सय ४१, ०७७/७८ मा ७ हजार १ सय १७ र गएको ०७८/७९ मा ६ हजार ७ सय ९२ छ। गएको आवमा आत्महत्याको संख्यामा सामान्य कमी आए पनि त्यसअघिका ४ वर्ष आत्महत्याबाट ज्यान गुमाउनेको संख्या निरन्तर बढ्दोक्रममा रहेको देखिन्छ । यो तथ्यांकअनुसार ०७८/७९ मा हरेक दिन करिब १९ जनाले आत्महत्या गर्ने गरेको देखिन्छ।

०७७/७८ मा आत्महत्याको दैनिक सरदर २० जना छ। आव ०७६/७७ मा दैनिक सरदर १७, ०७५/७६ मा दैनिक १६ र ०७४/७५ मा सरदर १५ जनाको आत्महत्याबाट ज्यान गुमेको देखिन्छ । पछिल्लो पाँच वर्षको आत्महत्या तथ्यांकलाई आधार मान्दा हरेक दिन सरदर १७ जनाले आत्महत्याबाट ज्यान गुमाएको देखिन्छ।

'परिवार, नातागोता तथा साथीभाइ/चिनेजानेका बीच जति पनि आपसी कलह/बेमेल, मनमुटाव, आर्थिक अभाव, बेरोजगारी, – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० साउन २०७९, शुक्रबार
5 August 2022, Friday

# 'जहाँ किशोरीलाई नि:शुल्क प्याड दिइन्छ'

**लक्ष्मी भण्डारी/रासस**
वीरेन्द्रनगर, १९ साउन

पहिलेपहिले महिनावारी हुँदा फोहर र लगाउन नमिल्ने झुत्रो कपडाको जोहो गर्थिन् वीरेन्द्रनगर १२ की मुना गौतमले । फोहर र लगाउन नमिल्ने कपडालाई सानो सानो टुक्रा बनाई महिनावारीको समयमा प्रयोग गर्ने गरेको उनले बताइन् । 'महिनावारी भएको बेला कुनामा फालेको टाला (कपडा) लगाउने गर्थ्यौं' गौतमले भनिन्, 'त्यो पनि घाम पर्ने ठाउँमा सुकाउन हुँदैन भनेर घाम नपर्ने र कसैले नदेख्ने ठाउँमा सुकाउनुपर्थ्यो । एक पटक धोएर राखेको र राम्रो सँग नसुकेको कपडा लगाउँथ्यौं ।'

महिनावारीको समयमा पुराना कपडालाई प्याडको रुपमा प्रयोग गर्दै आएकी मुना आजभोलि नियमित रुपमा सेनेटरी प्याड प्रयोग गर्न थालेकी छिन् । 'स्वास्थ्य चौकीबाट प्रत्येक महिना प्याड लैजाने गरेकी छु' मुनाले भनिन्, 'प्याड प्रयोग गर्न थालेपछि यही सजिलो लाग्ने रहेछ ।'

महिनावारीको समयमा सफा कपडा प्रयोग गर्नपर्छ भन्ने विषयमा उनलाई जानकारी थिएन । त्यतिमात्र होइन, महिनावारीका विषयमा खुलेर बाहिर कुराकानी गर्न सक्नु हुन्थेन । महिनावारीलाई धार्मिक रुपमा मात्र बुझ्दै आएकी उनले अहिले सरसफाईका रुपमा पनि बुझ्न थालेकी छिन् । उनी भन्छिन्, 'यस्तो बेलामा सरसफाईमा ध्यान दिनुपर्ने रहेछ । छोरीहरूलाई पनि बारम्बार यस्तै भन्ने गरेकी छु ।'

मुना जस्तै वीरेन्द्रनगरका महिलाले भने पछिल्लो समय महिनावारीका समयमा प्रयोग गर्दै आएका झुत्रा र फोहोर कपडा त्यागेर सेनेटरी प्याड प्रयोग गर्न थालेका छन् । सोही गाउँकी तुलसी खत्री घर नजिकै रहेको स्वास्थ्यचौकीबाट नियमित रुपमा सेनेटरी प्याड लैजाने गरेकी छिन् । कोरोना महामारीका कारण भएको बन्दाबन्दीका समयमा पनि स्वास्थ्य चौकीले महिलालाई प्याड वितरण गरेको थियो । 'पहिला पुराना कपडालाई प्याडको रुपमा लगाउने गर्थे । पोहोर सालबाट स्वास्थ्यचौकीमा आएर प्याड लैजान थालेकी छु', तुलसीले भनिन् ।

उनलाई महिनावारीको बेलामा सफा प्याड प्रयोग गर्नपर्छ भन्ने विषयमा जानकारी भएपनि महिनापिच्छे प्याड किन्नलाई पैसा हुँदैनथ्यो । 'बुबासँग प्याड किन्छु पैसा दिनुहोस् भन्न पनि नसकिने र पढ्ने विद्यार्थी भएकाले आफूसँग पैसा पनि नहुने', उनले भनिन्, 'हरेक महिना स्वास्थ्य संस्थामा आएर प्याड लैजाने गरेकी छु ।'

बन्दाबन्दीका बेलामा पनि स्वास्थ्यचौकीबाट नि:शुल्क प्याड पाएकामा खुशी व्यक्त गर्छिन् वीरेन्द्रनगरकी पवित्रा चौलागाई । 'पहिले पुरानै कपडालाई प्रयोग गर्दै आएका थियौं' उनले भनिन् । गत वर्षदेखि वीरेन्द्रनगर नगरपालिकाले नि:शुल्क सेनेटरी प्याड वितरण गरेपछि महिला र किशोरी खुशी भएका छन् ।

प्याड लिन आउने महिलाहरू नियमित रुपमा आफ्नो स्वास्थ्य जाँच गराउँदा उनीहरूको स्वास्थ्यमा सकारात्मक प्रभाव परेको अहेब जमुना भण्डारी बताइन् । नगरपालिकाले नि:शुल्क प्याड वितरण कार्यक्रमले महिलामा महिनावारीको सचेतनाका साथै स्वास्थ्यप्रति सजगता अपनाउन थालेको उनको भनाइ छ । उनी भन्छिन्, 'स्वास्थ्यचौकीमा आएको बेलामा आफ्ना प्रजनन् स्वास्थ्यका विषयमा पनि जानकारी लिने गरेका छन् ।'



यता वीरेन्द्रनगर-१२ का वडाध्यक्ष चुडामणि चपाईले प्याड वितरणले महिनावारी स्वच्छतामा सकारात्मक प्रभाव पारेको बताए । नि:शुल्क प्याड वितरणको कार्यक्रमले सरसफाईमा ध्यान दिनुपर्छ भन्ने चेतनाको विकास गराएको उनको भनाइ छ।

महिनावारी स्वच्छता कार्यक्रमलाई प्रभावकारी बनाउन नि:शुल्क रुपमा प्याड वितरण गर्दै आएको नगरपालिकाका प्रमुख मोहनमाया ढकालले बताइन् । प्याड वितरणसँगै महिनावारी स्वच्छताका विषयमा सचेतना गराउने उद्देश्यले कार्यक्रम सुरुवात गरिएको उनको भनाइ छ । 'महिनावारीको विषयमा जोडिएको नकारात्मक धारणा हटाउनुका साथै स्वच्छ महिनावारी हुनुपर्छ भन्ने सचेतना गराउनु कार्यक्रमको उद्देश्य हो' ढकाल भन्छिन्, 'प्राय: महिला स्वास्थ्य जाँचका लागि स्वास्थ्यचौकी जाने प्रचलन छैन । त्यसैले स्वास्थ्यचौकीमार्फत प्याड वितरण गर्दा उनीहरू स्वास्थ्यचौकीमा जाने र स्वास्थ्य जाँच गराउन सक्छन् भनेर यो कार्यक्रम ल्याएका हौं ।'

अब हरेक माध्यामिक विद्यालयमा किशोरी समूह गठन गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने नगरको योजना छ । नगरका सबै विद्यालयमा प्याड उत्पादन गर्ने मेसिनको व्यवस्था गर्ने तयारी भएको छ । 'मेसिनको व्यवस्था भएमा किशोरीहरू महिनावारीको बेलामा प्याडको लागि आफैंले निकाल्न सक्छन्' नगर प्रमुख ढकालले भनिन् ।

नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटबाट नि:शुल्क प्याड उपलब्ध गराउँदै आएको छ । अहिले वीरेन्द्रनगर नगरपालिकाका १६ वडामा रहेका स्वास्थ्य संस्थाबाट प्याड उपलब्ध गराइँदै आएको छ । यसका लागि नगरपालिकाले रु २० लाख विनियोजन गरेको छ ।

सुत्केरी अवस्थाका महिलालाई पनि यसले मद्दत पुऱ्याउने उपप्रमुख ढकालको भनाइ छ । महिनावारी स्वाच्छताका विषयमा नगरका स्वास्थ्य स्वयंसेविकाहरूले सचेतना गराउनुका साथै प्याड प्रयोगको विषयमा पनि जानकारी दिएका छन् । वीरेन्द्रनगर नगरपालिकाले हाल १८ वटा स्वास्थ्य संस्थाबाट सेनेटरी प्याड वितरण गर्ने गरेको छ । नगरपालिकाका स्वास्थ्य शाखाका अनुसार हालसम्म १७ हजार बढी महिलाले उक्त सेवा लिएका छन् ।

वीरेन्द्रनगरस्थित नगर अस्पतालमा कार्यरत नर्सिङ इन्चार्ज सीता आचार्यले प्याड वितरणपछि महिनावारीको समयमा सरसफाईमा ध्यान दिनुपर्ने कुराको विकास भएको बताइन् । स्वास्थ्य संस्थाबाट प्याड वितरण गर्न थालेपछि महिलालाई सहज भएको उनको भनाइ छ । 'महिनावारीका बेलामा सबैभन्दा बढी फोहोर भएका कपडा लगाउँला सङ्क्रमण भई पाठेघर क्यान्सरसम्म हुने गरेको थियो' उनले भनिन्, 'यो समस्या कम हुँदै गएको देखिएको छ ।'

महिनावारी स्च्छताको अभियन्तासमेत रहेकी शर्माले पछिल्लो समय महिनावारीलाई धार्मिक मात्र नभई सरसफाईका हिसाबले पनि लिने गरेको बताइन् । महिनावारीको समयमा घरबाहिर अलैग्गै बस्ने चलन हटेर घरभित्र रहन थालेको उनको भनाइ छ । उनी भन्छिन् 'विस्तारै मानिसमा यस्ता कुप्रथा हट्दै गएको छ ।'

पछिल्लो समय वीरेन्द्रनगरका केही वडाहरुमा महिला समूहले प्याड निर्माण गर्न समेत थालेका छन् । उन्नाइस जना महिला समूहमा बसेर प्याड बनाउन थालका छन् । सुतीको कपडाबाट उनीहरुले प्याड बनाएका छन् । गत वर्ष वडा कार्यालय र नगरपालिकाले उनीहरुलाई प्याड बनाउने तालिम प्रदान गरेपछि समूह गठन गरेर प्याड बनाउन थालेका हुन् । उनीहरुले महिला उद्यमशील उद्योग निर्माण गरी धमाधम प्याड बनाउने गरेका छन् ।

त्यति मात्र होइन आफुले तालिम सिकेर अन्य महिला समूहमा पनि तालिम दिएको महिला उद्यमशील संस्थाका सदस्य विष्णुकुमारी हमालले बताइन् । 'हामीलाई अहिले विद्यालय र अन्य संस्थाहरुले पनि तालिम दिनलाई बोलाउनु हुन्छ त्यहाँ गएर पनि हामीले तालिम सिकायौं' हमालले भने, 'वीरेन्द्रनगरका ठूला संस्था र नगरका १६ वटै वडाका विद्यालयमा गएर पनि हामीले तालिम सिकायौं ।'

तालिमपछि घरमै भएका कपडालाई मिलाएर पनि कतिपयले प्याड बनाउन थालेका छन् । उनीहरुले बनाएको प्याड एकपटक प्रयोग गरिसकेपछि सफा गरेर पुन: प्रयोग गर्न मिल्ने खालको छ । 'महिनावारी हुँदा हुने छुवाछुत र भेदभाव पनि महिला हिंसा हो है भनेर हामीले महिनावारी स्वच्छताको विषयमा सचेतनाका कार्यक्रम गर्न थाल्यौं', हमाल भन्छिन् ।

# एक वर्षमा १० किलोमिटर सडक कालोपत्र

**गुल्मी/मस-** गत आर्थिक वर्ष २०७८/७९ मा गुल्मीमा जम्मा १० किलोमिटर ३५२ मिटर सडक कालोपत्र भएको छ । गुल्मीमा पूर्वाधार विकास कार्यालय, संघीय आयोजना कार्यान्वयन एकाइ, मदन भण्डारी राजमार्ग र सडक डिभिजन पाल्पा गरी चार कार्यालयले सडक आयोजनाको काम गर्दैआएका छन् । मदन भण्डारी राजमार्ग आयोजनाबाट सडक कालोपत्र नै भएको छैन । बाँकी तीन कार्यालयबाट थोरै-थोरै मात्रामा सडक कालोपत्र भएको छ ।

कालोपत्र गरिएकामध्ये सबैभन्दा धेरै पूर्वाधार विकास कार्यालयअन्तर्गतका ठेक्काबाट ८.५ किलोमिटर छ । तम्घास-रेसुङ्गा सडकअन्तर्गत गड्जुरादेखि माथिल्लो भागको तीन किलोमिटर सडक पक्की गरिएको छ । आशिष रामेछाप जेभीले भ्याटबाहेक कूल १५ करोड १९ लाखमा ६ किलोमिटर सडक कालोपत्र गर्ने जिम्मा लिएको थियो । कालोपत्र नभएको बाँकी तीन किलोमिटरमा ग्राभेलिङदेखि नाली निर्माणसम्मको काम सकिएको छ । हालसम्म कम्पनीको नाममा ११ करोड ९६ लाख ८० हजार भुक्तान भइसकेको छ ।

तम्घास-खाम्सेपानी-नयाँगाउँ-नादी-सूर्यटारी-नेटाखर्क- डुवा छिर्ने-पटौती-प्युठान सडकअन्तर्गत तीन किलोमिटर सडक पक्की भएको छ । सडकको खाम्सेपानी-चेक्मी खण्डमा रु चार करोडभन्दा बढीको लागतमा सडक कालोपत्र भएको हो । विसं २०७४ असार ३० गते पूर्वाधार विकास कार्यालयसँग बज्रगुरु कन्ट्रक्सन प्रालीले पूर्वाधार विकास कार्यालयसँग कामको सम्झौता गरेको थियो । कालोपत्रको काम पूर्णरुपमा नसकिए पनि ९५ भन्दा बढी काम सकिएकाले कार्यालयले पक्की सडकको सूचिमा राखेको छ ।

खाम्सेपानी-भुवनपानी-तल्लाखर्क-रातडाँडा-सेउघाअन्तर्गतको २.५ किलोमिटर सडक कालोपत्र भएको छ । विसं २०७४ असार ३० गते मोतिदान राजेश्वरी सुनिल समिर जेभीले भौतिक पूर्वाधार कार्यालयसँग सम्झौता गरेको थियो । कूल ४.५ किलोमिटर सडक कालोपत्रका लागि कम्पनीले भ्याटबाहेक रु नौ करोड ४६ लाख ७३ हजारमा सम्झौता गरेको थियो । अहिलेसम्म कम्पनीको नाममा रु चार करोड भुक्तानी भइसकेको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी सूर्य भण्डारीले जानकारी दिए ।

संघीय आयोजना कार्यान्वयन एकाइअन्तर्गत एक सय १२ मिटर सडक कालोपत्र गरिएको छ । रेसुङ्गा नगरपालिकाको पुनारो बजारदेखि हाटबजारसम्मको सडक कालोपत्र गरिएको हो । कूल रु ८५ लाखमा सडक कालोपत्र, तीन सय दुई मिटर कालोपत्रमा थप, वडा नम्बर २ मा नाली निर्माण र रेसुङ्गा-७ मा कभर्ड हल निर्माण गरेको कार्यालयका सब-इन्जिनियर नारायण बुढामगरले जानकारी दिए ।

रुद्रवेणी-वामीटक्सार सडकअन्तर्गतको वामी बजारको दुई किलोमिटर सडक कालोपत्र गरिएको छ । सिद्धार्थ श्रेष्ठ जेभीले आर्थिक वर्ष २०७६/७७ मा सडक डिभिजन पाल्पासँग सम्झौता गरेको हो । सडकको वेस पहिले नै तयार भइसकेको कार्यालयका इन्जिनियर निरञ्जन शर्मा अर्यालले जानकारी दिए । गत आवमा रेसुङ्गा नगरपालिका-७ भेटेनरी कार्यालय जाने सडक कालोपत्र गरिएको छ । प्रदेश समपूरक कोषबाट रु ३४ लाख लागतमा दुई सय ४० मिटर सडक कालोपत्र भएको हो ।

# बबईका कर्मचारीद्वारा गाउँपालिका कार्यालयको परिसरमा सरसफाई



**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १९ साउन

दाङको बबई गाउँपालिकाका कर्मचारीहरुले कार्यालय परिसरमा सरसफाई गरेका छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिनन्द रावलको नेतृत्वमामा कर्मचारीको टोलीले भवन परिसरमा सरसफाइ गरेका हुन् ।

प्रमुख प्रशासकीय अधिकृतका रुपमा सरुवा भएर आएका रावलले सरसफाई कार्यक्रममा सहभागी हुँदै कार्यालय परिसर सफा र सुन्दर राख्नु कर्मचारीको कर्तव्य भएको बताए ।

सरसफाइ कार्यक्रमलाई निरन्तर अगाडि बढाउने बताउँदै रावलले गाउँपालिकाको हितमा सबैसँग छलफल र सहकार्य गरेर अगाडि बढ्ने समेत बताए ।

## चुनावमा...

भागवण्डामा केन्द्रीत हुने भएको छ । आजका लागि गठबन्धनको बैठक बोलाउँदा प्रधानमन्त्री शेरबहादुर देउवाले नेताहरुलाई चुनाव समयमै, निश्पक्ष रुपमा गर्ने र जनताको मातादेश लिएर शासन गर्ने बताएका छन् ।

निर्वाचन ४ मंसिरमा गर्ने घोषणा संगै मतदाता नामावली संकलन स्थगित भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार आज (शुक्रबार)देखि मतदाता नामावली संकलन स्थगित भएको हो ।

यसअघि आयोगले देशभरका जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय आदि ठाउँबाट फोटोसहितको मतदाता नामावली संकलन गरेको थियो । प्रमुख निर्वाचन आयुक्त थपलियाका ४ मंसिरमा हुने संघीय र प्रदेश सभाको चुनावका लागि आइतबारदेखि राजनीति दल दर्ताको प्रक्रिया सुरु हुनेछ ।

'संविधानको धारा २७१ अनुसार राजनीतिक दल दर्ता गर्नुपर्छ, तदअनुसार आइतबारदेखि नै प्रक्रिया प्रारम्भ गरेर छिटै यसलाई सम्पन्न गर्छौं,' उनले भनेका छन् । उनका अनुसार सात वटा प्रदेशमा कुन कुन दलले भाग लिन्छन् र संघीय निर्वाचनमा कुन कुन दलले भाग लिन्छन् कुराको निधो भदौको पहिलो हप्ताभित्र हुनेछ । निर्वाचनमा भाग लिने चाहने दलले दल दर्ताको लागि आयोगले तोकेको समयमा र तोकिएको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्ने कानूनी व्यवस्था छ ।

निर्वाचन आयोगका अनुसार एक साता भित्र मतदानस्थल र केन्द्रबारे पुनरावलोकन प्रतिवेदन तयार हुनेछ । मतदानस्थलको सिफारिसको काम हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितिले गर्छ । त्यो समितिमा राजनीतिक दलका प्रतिनिधि लगायतहरु हुन्छन् । निर्वाचन आयोगले स्थानीय निर्वाचनको तुलनामा केही ठाउँमा मतदानस्थल र केन्द्रसमेत थप्ने तयारी गरेको छ ।

आयोगका अनुसार, दल दर्ताको काम सकिएलगत्तै राजनीतिक दलहरुलाई समानुपातिकतर्फका उम्मेदवारको सूची बुझाउन सार्वजनिक आह्वान हुनेछ । दलहरुले त्यसका लागि करिव दुई साताको अवधि पाउनेछन् ।

निर्वाचन आयोगले तयार पारेको अनौपचारिक खाका अनुसार, दशैं विदालगत्तै उम्मेदवारको मनोनयन सुरु हुन्छ भने एक साताभित्र त्यसलाई टुंग्याउनुपर्ने हुन्छ ।

कात्तिक लाग्नासाथ उम्मेदवारले निर्वाचनको प्रचारप्रसार गर्न पाउनेगरी आयोगले निर्वाचन तालिका बनाउनेछ । कात्तिकभर प्रचारप्रसार गर्न पाउने उम्मेदवारले मंसिर लागेपछि पनि मौन अवधिअघि प्रचारप्रसारको सुविधा पाउनेछन् । प्रमुख आयुक्त थपलियाले आयोगले चुनावका लागि कुनै कसर बाँकी नराखेर काम गर्ने बताएका छन् ।

## संसदको ...

रपमा पेश गरेका छौं' उनले जानकारी दिए । प्रमुख आयुक्त थपलियाले निर्वाचनमा सबै उम्मेदवारलाई समान अवसर र समान खेलमैदान हुनुपर्ने आफूहरुको मान्यता रहेको बताए । त्यस अनुसार ४ मंसिरको चुनावमा उम्मेदवारी दिएपछि प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पदावधि स्वत: समाप्त हुने व्यवस्था गर्ने पनि बताए ।

उनले दशैंको लगत्तै उम्मेदवारी दर्ताको कार्यतालिका बनाउने र उम्मेदवारी दिने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पदावधि त्यतिबेलै सकिने व्यवस्था गर्ने पनि बताए । उनी भन्छन्, 'अनुमान गर्दा दशैंको लगत्तै पछि उम्मेदवारी दिने कार्यतालिका बनाउनुपर्ने जस्तो देखिछ । उम्मेदवारी दिएपछि निजहरुको पद स्वत: सकिएको मानिनुर्छ भन्ने आयोगको धारणा छ ।'

संघीय संसद सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले संसदको कार्यकालका सम्बन्धमा विगतको अभ्यास र परम्परा नै प्रयाप्त रहेको बताएका छन् । उनले भने, 'विगतको अभ्यास र परम्परा छ । यसकारण संसदको कार्यकालका सम्बन्धमा धेरै ठुलो विवाद छैन ।'

## नेपाल...

सुरक्षा मन्त्रालयका सहसचिव राजिव पोखरेलको संयोजकत्वमा परराष्ट्र मन्त्रालयका प्रतिनिधि योजना बम्जन, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि हिमालचन्द्र अर्याल, वैदेशिक रोजगार विभागका निर्देशक डम्बरबहादुर सुनुवार र मन्त्रालयका उपसचिव डा थानेश्वर भुसाल र जापानी प्रतिनिधिमण्डलको तर्फबाट सहायक उपमन्त्री चोमुतो नाकागावाको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डलले भौतिकरुपमा सहभागिता जनाएको थियो ।

जापानका सम्बद्ध निकायका अन्य प्रतिनिधिले भर्चुअल माध्यमबाट सहभागिता जनाएको मन्त्रालयले जनाएको छ । बैठकको शुभारम्भ गर्दै श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले नेपाल-जापान श्रम समझदारी पत्र कार्यान्वयन गरी नेपाली नागरिकलाई जापानमा रोजगारी दिने सम्बन्धमा संयुक्त कार्य समितिको बैठकलाई शुभकामना दिए ।

**जापानी प्रतिनिधिमण्डलद्वारा श्रममन्त्रीसाग भेटवार्ता**

बैठकपछि जापानी सहायक उपमन्त्री चोमुतो नेतृत्वको प्रतिनिधिमण्डलले श्रममन्त्री शेरबहादुर कुँवरसँग भेटवार्ता गरेको छ । भेटमा भाषा परीक्षा उत्तीर्ण भएका र सीप सिकेर बसेका नेपाली कामदारलाई तत्काल जापानमा रोजगारीका अवसर उपलब्ध गराउनेबारेमा छलफल भएको थियो ।

सो अवसरमा मन्त्री कुँवरले पाँच हजार बढी नेपाली रोजगारीका लागि जापान जाने तयारीमा रहेको जानकारी गराएका थिए । भेटमा उपमन्त्री चोतुमोले बिहीबारको गोष्ठी नेपाली कामदार जापान लैजानका लागि सकारात्मक भएको विश्वास व्यक्त गरे ।

उनले अहिले जापानमा कामदारको माग धेरै भएकाले (एसएसडब्लु) मार्फत पाँच हजार बढी नेपाली कामदार लिनका लागि जापान तयार भएको र श्रम सम्झौता कार्यान्वयनमा ढिलाइ भएकामा चासो व्यक्त गर्दै नेपाली कामदारलाई जापान लैजान भइरहेका समस्या समाधान गरी रोजगारीको बाटो खुला गर्न आफूले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## निजी...

वैदेशिक रोजगार व्यवसायीलाई कामदार पठाउने प्रक्रियामा सहभागी नगराए जापानको रोजगारी कागजमा मात्र सीमित हुने दाबी गरे ।

अध्यक्ष महतले भने, 'जापान दक्षिण कोरिया जस्तो अवस्थामा छैन, जापानमा नेपाली कामदारको डिमाण्ड खोज्न खटेर लाग्नुपर्ने अवस्था छ, जापानले डिमाण्ड खोजेर पठाउने होइन, नेपाली कामदार नगए उसले अन्य श्रोत मुलुकमध्येबाट कामदार लैजान्छ ।'

त्यसैगरी अध्यक्ष महतले जापानले नेपाली कामदार पठाउने विषयमा निजी क्षेत्रलाई सहभागी गराउने वा नगराउने नेपाल सरकारलाई जिम्मा दिएको भन्दै निजी क्षेत्रका व्यवसायीबाट दुईदेखि छ करोड धरौटी लिएर इजाजतपत्र दिने तर कामदार पठाउने अवस्था आउँदा अनेक प्रपन्च गरेर अवसरबाट बञ्चित गर्नुसमेत अन्यायपूर्ण हुने बताए । कार्यविधिको मोडालिटी बारेमा पूर्णरूपमा जानकारी नपाएको भन्दै अध्यक्ष महतले त्यस विषयमा पनि गम्भीरताका साथ अध्ययन गर्ने टिप्पणी गरे ।

## बढ्दो...

व्यवसायमा नोक्सानी, अविश्वासजस्ता समस्या देखिन्छन्, त्यसबाट निम्तिने मानसिक समस्या नै हो, त्यसबाटै मानिसमा प्रतिशोध, आवेग, उत्तेजना हुँदै दिमागमा योजनाबद्धरुपमा आपराधिक सोचको विकास हुने हो, हत्या र आत्महत्याका घटना पनि यसकै परिणाम हो' मनोविद् गोपाल ढकाल भन्छन् ।

पछिल्लो समय एकपछि अर्को गर्दै बढेको पारिवारिक बेमेलताको असर उनका छोराछोरीमा समेत परेको छ । तर, कतिपय अवस्थामा भने आर्थिक अवस्था दयनीय हुँदा पनि परिवार सहित नै आत्हत्या गर्ने क्रम बढेको देखिन्छ ।


**मलेसियामा रोजगार** | कम्पनी : PEACE SECURITY SERVICES(M) SDN BHD
शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७६/०९/१८ चलानी नं.: ६०१४९४९२ LT. No.: 230404 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 1 | 0 | स. काममा दक्ष | 1100 | ३१,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २७ गते (12 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Tel: 01-5904026. Mob.: 9813993444/9851239698/ 9808210594/9803437158
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Govt. Lic. No.: 1170/073/074



**कतार र UAE मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: FRATELLI FOR FACILITIES MANAGEMENT CLEANING AND MANPOWER शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/१२/११ चलानी नं.: ६०१७६५८२ LT. No.: 260403 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 3 | 0 | स. काममा दक्ष | 1500 | ५१,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1400 | ४८,१७४ | | | | | | | |
| 3. | Electric | 2 | 0 | | 1200 | ४१,२९२ | | | | | | | |
| 4. | Foreman | 5 | 0 | | 2500 | ८६,०२५ | | | | | | | |
| 5. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३४,४१० | | | | | | | |
| 6. | Guard | 2 | 0 | | 1500 | ५१,६१५ | | | | | | | |
| 7. | Heavy Vehicle Driver | 5 | 0 | | 1900 | ६५,३७९ | | | | | | | |
| 8. | Labourer | 2 | 0 | | 1000 | ३४,४१० | | | | | | | |
| 9. | Mason | 3 | 0 | | 1200 | ४१,२९२ | | | | | | | |
| 10. | Public Administrative | 0 | 1 | | 2500 | ८६,०२५ | | | | | | | |
| 11. | Receptionist | 0 | 3 | | 1200 | ४१,२९२ | | | | | | | |
| 12. | Supervisor | 4 | 0 | | 2500 | ८६,०२५ | | | | | | | |

२. कम्पनी : SPIDER ACCESS CLADDING WORKS & BUILDING CLEANING LLC शहर : ABU DHABI
पूर्व स्वीकृत मिति: २०७८/०५/१२ चलानी नं.: ६०१७१३७४ LT. No.: 254477 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 44 | 5 | स. काममा दक्ष | 1000 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २७ गते (12 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Link International Placement Service Pvt.ltd.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# बढ्दो कोरोना संक्रमणदरः चौथो लहरको संकेत



**काठमाडौं/मस-** नेपालमा पछिल्लो केहि दिनयता कोरोना संक्रमणको दर बढ्न थालेको छ ।

कुनै समय चार जनामा घटेको संक्रमण अहिले दैनिक करिब एक हजारको नजिक देखिन थालेको छ । पछिल्लो हप्ता नेपालमा दैनिक संक्रमण बढ्दै गएको पुष्टि हुन्छ ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको संक्रमण बढेसँगै नेपालमा पनि यसको प्रभाव देखिन थालेपछि नेपालमा संक्रमण बढ्न थालेको हो । खुला सीमाका कारण भारतबाट सजिलै नेपाल आउने भएपछि संक्रमण बढ्न थालेको बताइएको छ ।

नेपालमा पनि ओमिक्रोनको 'विएफाइभ' प्रजाति देखिएको र उक्त प्रजातिको संक्रमणको सर्ने दर उच्च रहेकाले पनि अहिले नेपालमा संक्रमण बढिरहेको छ। पहिले यहाँ संक्रमणदर ०.५ प्रतिशतसम्म झरेकामा अहिले १५ प्रतिशतभन्दा माथि पुगेको छ । साउन १८ गते नौ सय १५ संक्रमित, साउन १७ गते आठ सय १४, साउन १६ गते आठ सय ९५संक्रमित र एक जनाको निधन भएको छ।

यस्तै साउन १५ गते छ सय २०, साउन १४ गते चार सय ३८ र दुई जनाको मृत्यु, साउन १३ गते पाँच सय ७७ जना र दुई जनाको मृत्यु, साउन १२ गते सात सय १० र दुई जनाको मृत्यु, साउन ११ गते पाँच सय ६४ र एक जनाको मृत्यु, साउन १० गते छ सय ३८ र दुई जनाको मृत्यु भएको छ । यसरी सङ्क्रमण दैनिक बढेर हजारको नजिक पुग्न थालेको छ ।

दैनिक संक्रमण बढिरहेकाले नेपालमा कतै संक्रमणको चौथो लहर आएको त होइन भन्ने लागेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले संक्रमणको लहर ग्राफले देखाउने गरेको र अहिले देखिएको संक्रमणको ग्राफले अर्को लहरको संकेत गरेको बताए ।

सरकारले आधिकारिकरूपमा संक्रमणको चौथो लहर भन्ने नगरेको र संक्रमणको ग्राफले नै लहर बताउने गरेको उनको भनाइ रहेको छ ।

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलालले अहिले दैनिक बढिरहेको संक्रमणले चौथो लहरको सङ्केत गरेको बताउँछन् ।

जनस्वास्थ्यविद् डा.सागरराज भण्डारीले साउनदेखि नै कोरोना भाइरस संक्रमणको चौथो लहर सुरु भएको बताउँछन् ।

कोरोना भाइरसको संक्रमणबाट छ महिनासम्म कसैको पनि निधन भएको थिएन । तर पछिल्लो दिनमा भने दैनिक एक वा दुई जनाको संक्रमणबाट निधन हुने गरेको छ । साउन १ गतेबाट संक्रमणबाट मानिस मर्न थालेका हुन् । पछिल्ला समय कोरोना भाइरस संक्रमणबाट ज्यान गुमाएकामध्ये ८० प्रतिशतले खोप नलगाएको पाइएको छ ।

यसैबीच बिहीबार नेपालमा थप ७६० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । २ हजार ५८९ पीसीआर परीक्षणमा ४९४ र ३ हजार ३३७ एन्टीजेन परीक्षणमा २६६ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जनाएको छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा थप ३२४ जना कोरोना संक्रमणमुक्त भएका छन् । थप १ जनाको मृत्यु भएको छ । बिहीबारसम्म सक्रिय संक्रमितको संख्या ५ हजार ६०२ पुगेको मन्त्रालयले जनाएको छ ।

# महेशपुर भन्सार कार्यालयमा लक्ष्य भन्दा कम राजश्व संकलन

**रामकरन हरिजन/मध्यान्ह**
नवलपरासी १९ साउन

पश्चिम नवलपरासीको महेशपुर भन्सार कार्यालयले वार्षिक लक्ष्य भन्दा कम राजश्व संकलन गरेको छ । ०७८ साउन महिना देखि ०७९ असार सम्मको अवधिमा २२ करोड ३३ लाख ४५ हजार ४ सय ६८ रुपैयाँ राजश्व संकलन भएको भन्सार कार्यालयले जनाएको छ । कृषिका निमित्त आवश्यक पर्ने मल, बिउ बिजन तथा सामग्री आयातबापत ४ करोड १६ लाख ९७ हजार ७ सय ६ रुपैयाँ बराबरको राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।



महेशपुर भन्सार कार्यालयको वार्षिक राजश्व संकलन लक्ष्य ४५ करोड बराबरको थियो । तर, भारतबाट नेपालमा सामग्रीहरु ल्याउँदा बैंकिङ कारोबार लागु भएको कारणले पछिल्लो समयमा व्यापारीहरुले कारोबार गर्न छोडेको अनुमान गरिएको छ । त्यस्तै मालवाहक गाडीहरुलाई भन्सार कार्यालयको पर्खाल भित्र पार्किङ गर्ने व्यवस्था नभएको र बाटोको पनि समस्या भएकाले भारतीय मालवाहक गाडीहरु आवतजावतमा कमी आएको हो । सो भन्सार नाकाबाट मालबाहक गाडीको आवतजावतमा कमी भएपछि लक्ष्य अनुसारको राजश्व संकलन हुन नसकेको भन्सार कार्यालयका कृष्ण प्रसाद घिमिरेले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

# हचुवाको भरमा सडक खन्दा दर्जनौं घर पहिरोको जोखिममा

**सत्य बटाला/मध्यान्ह**
जाजरकोट, १९ साउन

जाजरकोटको नलगाड नगरपालिका ३ चावलेचौरका दर्जनौं घर तथा जग्गा पहिरोको उच्च जोखिममा परेका छन् । स्थानीय र प्रदेश सरकारले हचुवाको भरमा सडक निर्माण गर्दा दर्जनौं घर पहिरोको उच्च जोखिममा परेका हुन् ।

कैना-चावलेचौर जोड्ने सडकमा रहेका एक दर्जन भन्दा बढी घर जग्गा पहिरोको उच्च जोखिममा रहेको स्थानीय अमृत पुनले बताए । उनले भने, 'क्षतिको अनुमान नगरी हचुवाको भरमा खनिएका सडकले उत्पादन हुने जमिन गुम्यो, घर कति बेला बगाउँछ भन्ने डर छ ।'

सडकखण्ड अन्तर्गत अमृत पुन, कृष्ण बहादुर बिक, शान्तबहादुर पुन, हर्कबहादुर बिष्ट, पदम बुढा, युवराम बुढा, शिव रानालगायतका स्थानीय



किसानको उब्जनी हुने जमिन तथा घर पहिरोको चपेटामा परेका छन् । अघिल्लो स्थानीय सरकारले आफूलाई अब्बल देखाउनका लागि गरेको विकासले अहिले आफूहरुलाई विनाशको उपहार दिइरहेको स्थानीयको गुनासो छ । स्थानीय कृष्ण बहादुर बिकले भने, 'सडक खन्दा अनुनय विनय गर्‍यौं, जग्गाकै बीचबाट सडक खने, घर भन्दा तलबाट सडक हालियो, घर बचाउन मेसिनरी बाल तथा तार जालिको व्यवस्थापन गर्ने आश्वासन दिए तर अहिले पहिरोले जग्गा बग्यो, घरमा क्षति हुन लाग्यो, तर अहिले सुनिदिने कोही छैन ।'

त्यस्तै शिव रानाले पनि थपे, 'अन्त बस्नलाई अरु ठाउँमा घर जग्गा छैन, यही घरमा बसिराख्ने हो भने घरसँगै आफू पनि कतिबेला वर्खे पहिरोको सिकार भइन्छ भनेर रातभरी निन्द्रा लाग्दैन ।'

उक्त खनिएको सडक निर्माण गर्दा उपभोक्ता समितिले भ्रष्टाचार गरेको समेत बताइएको छ । एक जना स्थानीय युवाले नाम नभन्ने शर्तमा भने, 'कैना-चावलेचौर सडकखण्ड अन्तर्गत गारेखोलादेखि चावलेचौर विद्यालयसम्म जम्मा ३ किलोमिटर सडक खन्न ३० लाख आएको छ, सडक खन्दा उपभोक्ता समिति र निवर्तमान जनप्रतिनिधिको मिलोमतोमा रकम भ्वाम पारे, मैले मात्र बोल्न मिल्दैन सबैको हिम्मत छैन । यहाँ विकास जे जे भएका छन् ती विकास निर्माणका नाममा गोजी भर्ने काम मात्र भएको छ ।' विकास निर्माणको काममा मापदण्डको प्रयोग गरी निर्माण गर्दा स्थानीय जनतालाई यति सम्मको मार नपर्ने जानकारहरु बताउँछन् । अधिकांश स्थानीय तहले निर्माण गरेका सडकहरु अहिले बेकामे बनेका छन् ।

# 'मुद्दा दर्ता गराउन पैसा र शक्तिको आवश्यकता पर्दैन'

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ साउन

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक वीर बहादुर बुढा मगरले सर्वसाधारण तथा गरीबहरुलाई मुद्दा दर्ता गराउन पैसा र शक्तिको आवश्यकता नरहेको बताएका छन् ।

बुधबार सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया तथा परिचयात्मक कार्यक्रमको आयोजना गर्दै एसपी मगरले गरिबलाई मुद्दा दर्ता गराउन कुनै राजनीतिक दलको शक्ति तथा पहुँचको आवश्यकता नरहेको बताएका हुन् । गत १२ गते सरुवा भएर आएका एसपी मगरले साउन १६ गते कार्यभार सम्हालेका थिए ।

कार्यक्रमा एसपी मगरले हिंसा पीडित महिला र बालबालिकाको सवालमा संवेदनशील भएर काम गर्ने बताए । उनले रौतहट जिल्लाको



शान्ति सुरक्षा, अमनचयन तथा वस्तुनिष्ठ अपराध अनुसन्धानका लागि सबैको सकारात्मक सहयोगको आवश्यकता रहेको बताए । एसपी मगरले भने, 'हिंसा पीडित महिला र बालबालिकालाई न्याय दिलाउने काममा म प्रतिबद्ध छु ।'

उनले प्रहरी र सरोकारवाला निकायहरुबीचको सम्बन्धलाई सुमधर बनाउने समेत बताए । बाल विवाह न्यूनिकरणलाई प्राथमिकतामा राखेर काम गर्ने उनले बताए ।

'जिल्ला प्रहरी कार्यालयमा नागरिकहरुको सहजै पहुँच पुग्ने गरी व्यवस्थापन गर्छु,' एसपी मगरले भने, 'प्रहरीप्रति नागरिकहरुको आश मर्न दिन्न, नागरिकहरुले सहजै न्याय पाउने गरी काम गर्छु ।'

एसपी मगरले जिल्लाको शान्ति सुरक्षा कायम गर्न र अपराध नियन्त्रणमा आफु प्रतिबद्ध रहेको बताए । 'म जनताको जीउधनको सुरक्षाको लागि प्रतिबद्ध छु, कानून विपरीत काम गर्नेलाई कुनै पनि हालतमा छोडिँदैन,' एसपी मगरले भने ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकदै गर्दा सो निर्वाचन धाँधलीरहित र भयरहित गराउने समेत उनको प्रतिबद्धता थियो ।

रौतहटको गौरस्थित बसपार्कमा ई-रिक्सा चालकहरुले खेपिरहेका सास्ती, ट्राफिक व्यवस्थापन लगायतका कार्यलाई सरोकारवालासँग सहकार्य गरी समस्या समाधान गर्ने एसपी मगरले बताए ।

उनले छिमेकी राष्ट्र भारतको बिहार जिल्लामा रक्सी प्रतिबन्ध रहे पनि केही भारतीयले नेपाल सिमाना नजिक विभिन्न मदिरा पसल खोलेकोप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरे । उनले लागुऔषध ओसारपसार र दुर्व्यसनी रोकथाममा सक्रिय भएर काम गर्ने समेत बताए ।

# चिनियाँ नागरिकलाई अपहरण गर्ने छ जना पक्राउ

काठमाडौं/मस- नेपाल प्रहरीले चिनियाँ नागरिकलाई अपहरण वा शरीर बन्धक बनाई लुटपाट गर्ने एक गिरोहलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंअन्तर्गत प्रहरी वृत्त दरबारमार्ग, लैनचौर, महाराजगञ्ज मालिगाउँबाट खटिएको टोलीले चिनियाँ नागरिक याङ याङलाई उद्धार गर्नुका साथै अपहरणमा संलग्न छ जनालाई गरेको हो ।

पक्राउ पर्नेमा गोरखा आरुघाटका ३७ वर्षीय कर्णबहादुर गुरुङ, गोरखा सिरानचोकका २८ वर्षीय लक्ष्मण गुरुङ, सर्लाही लालबन्दीका २९ वर्षीय रोहित मगर, प्यूठान बागदुलाका २८ वर्षीय विशाल मगर, नुवाकोट शिवपुरीका २७ वर्षीय विनोद केसी र बर्दिया राजापुरका २८ वर्षीय शिव सुनार रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले चिनियाँ भाषाका दोभासेसमेत रहेका ओखलढुङ्गाका २६ वर्षीय सूर्यबहादुर राईलाई बोलाएर चिनियाँ नागरिक याङलाई बोलाउन लगाई नयाँ बसपार्कस्थित मित्रनगरको न्यू स्वर्गद्वारी प्यूठान होटल एण्ड लजमा बन्धक बनाएकाले पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ व्यक्तिले चिनियाँ व्यक्तिसँग रु एक करोड फिरौती मागेकोसमेत अनुसन्धानमा खुलेको प्रवक्ता मैनालीले बताए । प्रहरीले पक्राउ परेका व्यक्तिसँग रु आठ लाख १४ हजार ९०० नगद, २६ थान मोबाइल र हतकडी एक थान बरामद गरेको छ । पक्राउ परेका व्यक्तिलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद-१७ को अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौंबाट बिहीबार पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता मैनालीले बताए ।


# करार हटाएर करार नै राख्दै स्थानीय तह

**दिपक बाबू साउद/मध्यान्ह**
दार्चुला, १९ साउन

स्थानीय तहमा नेतृत्व फेरिँदा अघिल्ला जनप्रतिनिधिको कार्यकालमा भर्ना गरिएका धेरैजसो करारका कर्मचारी धमाधम हटाइएको छ । दार्चुलाका धेरैजसो स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरी करार सम्झौता थप नगर्ने भएका छन् ।

नयाँ जनप्रतिनिधि आएसँगै वर्षौंदेखि काम गरिरहेका करार कर्मचारीहरुलाई बिदा गरिएको छ। स्थानीय तहले आवश्यकताअनुसार करारमा कर्मचारी राख्न र हटाउन पाउँछन्, तर उचित कारण खुलाउनुपर्दछ ।

यस्तै संघ सरकारबाट वितरित सशर्त अनुदानमा सञ्चालित राष्ट्रिय कार्यक्रमका लागि पनि करारमा



कर्मचारी भर्ना गरिएका छन् । ती कर्मचारी पनि नयाँ जनप्रतिनिधिको निसानामा परेका छन् ।

नयाँ आर्थिक वर्षमा करार अवधि नवीकरण नगरी कतिपय स्थानीय तहले नयाँ भर्नाको प्रक्रियासमेत अघि बढाएका छन् । पालिकामा स्थायी कर्मचारी कम हुँदा पनि स्थानीय तहहरु स्थायी पदपूर्ति गर्न छोडेर फेरि पनि करारमा नै कर्मचारी पदपूर्ति गर्न लागेका हुन् ।

दार्चुलाको शैल्यशिखर नगरपालिकाले एकैपटक ठूलो संख्यामा करार कर्मचारी हटाइ ९० जनाको नयाँ भर्ना आवेदन खोलेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र सिंह विष्टले स्वास्थ्य क्षेत्रका ८० जना र नगरपालिकाका ४० जना गरेर १ सय २० जना करार कर्मचारीको म्याद नथपिएको बताए।

यस्तै जिल्लाको व्याँस गाउँपालिकाले पनि करार कर्मचारी हटाएर नयाँ आवेदन खुला गरी भर्ना गर्न लागेको छ । व्याँसले २८ जना कर्मचारीका लागि नयाँ आवेदन खोलेको छ । यस्तै दुहुँ गाउँपालिका, अपिहिमाल गाउँपालिका, नौगाड गाउँपालिका, मालिकार्जुन गाउँपालिकाले पनि करार कर्मचारी भर्नाका लागि नयाँ आवेदन माग गरेका छन् ।

यसैबीच संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई करार कर्मचारी लिने विषयमा प्रक्रिया पुर्‍याएर गर्न चेतावनीसहित सूचित गरेको छ । मन्त्रालयले विभिन्न स्थानीय तहले एकमुष्ट रुपमा करार कर्मचारी हटाइ पुनः सयौंको संख्यामा विज्ञापन गरेको उजुरी आएकाले रिक्त पदहरुमा लोक सेवा आयोगसँग माग गरी विवरण पठाउन तथा कानून बमोजिम गर्न भनेको छ ।

**Invitation for Sealed Quotation**

Government of Nepal (GoN)
**Kalika Rural Municipality**
Kalika-2, Rasuwa
Date of publication: 05-08-2022

1. The Kalika Rural Municipality,Rasuwa invites e-sealed quotations from registered bidders for the following supply of works
2.

| Contract Identification No. | Name of Project | Estimated Amount (NRs)(Exclusive of VAT ) | Bid Security Amount (NRs) | Bid Document Price(NRs) | Bid Submission Last date , Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| KRM/SQ/VET-MED/2079-080/1 | Procurement of Veterinary Medicines | 14,00,000 | 35,000 | 1,000 | 21-08-2022, 12:00 Hrs | 21-08-2022, 14:00 Hrs |

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of at the office of Kalika Rural Municipality, Dhaibung, Rasuwa, Telephone: 010-542098, Email: kalikagaupalika@gmail.com.ormay visit e-GP system: www.bolpatra.gov.np/egp .
4. The employer reserves the right to amend and correct at any time or accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गण्डकी प्रदेश, नवलपरासि (व.सु.पू.)

**पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र (E–bid) आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः–२०७९।०४।२०**

मध्यविन्दु नगरपालिकाले चालु आर्थिक वर्षको असार मसान्त सम्म राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रतिस्पर्धा मार्फत सबै भन्दा न्यून/बढी छुट कबोल गर्ने फर्मबाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.madhyabindumun.gov.np तथा www.bolpatra.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | शिलबन्दी बुझाउने आन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रकाशित दर प्रति सी.सी. | १००० | ५५००० | ७५ दिन | २०७९/०५/०५ दिनको १२:०० बजे | २०७९/०५/०५ दिनको २:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२० साउन २०७९, शुक्रबार
5 August 2022, Friday

सम्पादकीय

## आमचुनावः लोकतन्त्रको नियमित अभ्यास

सरकारले अनेक आशंका, अन्योल र आरोप चिर्दै चुनावको घोषणा गरेको छ । बिहीबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले आगामी ४ मंसिरमा संघ र प्रदेशसभाको चुनाव गर्ने निर्णय गरेको हो । बुधबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता साझेदार दलका शीर्ष नेताहरूबीच जुटेको सहमति अनुसार चुनावको मिति सरकारले तोकेको हो । सरकारको निर्णयपछि मुलुक चुनावमा होमिएको छ । निर्वाचन आयोगले सरकारले गरेको निर्णय बमोजिम चुनाव गराउन तयार रहेको प्रतिक्रिया दिएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले शुक्रबारबाटै चुनावको तयारी अगाडि बढ्ने बताए । मतदाता नामावली प्रकाशन, दल दर्ता, समानुपातिक तर्फको बन्दसूची निर्माण, चुनाव चिन्ह प्रदान, उम्मेद्वारी दर्ता, मतदान केन्द्र निर्धारण लगायत कार्यक्रम सार्वजनिक गर्ने थपलियाले बताएका छन् ।

सरकारको निर्णयपछि चुनावबारे छाएको अन्योल मात्रै हटेको छैन, सिंगो मुलुकको ध्यान त्यसतर्फ तानिएको छ । किनकि यसपटक पनि चुनावमा गठबन्धन बन्ने लगभग निश्चित छ । ०७४ को चुनावमा वाम गठबन्धन भएकाले यसपटक पनि त्यस्तै गठबन्धन लगभग निश्चित छ । अहिलेकै गठबन्धन कायम रहने सम्भावना बढी छ । त्यो भनेको नेकपा एमालेविरूद्ध बाँकी दलहरूको गठबन्धन हो । अघिल्लो चुनावमा कांग्रेसविरूद्ध गठबन्धन भएको थियो । यसपटक नयाँ समीकरण बन्ने लगभग निश्चित छ । तर राजनीतिमा असम्भव केही हुन्न । त्यो भनेको फेरि ०७४ कै गठबन्धन बन्ने सम्भावना पनि उत्तिकै छ । नेताहरूको सक्रियता त्यसतर्फ पनि चलिरहेकै छ ।

तर चुनाव हुनु आफैमा लोकतान्त्रिक प्रक्रिया हो । लोकतन्त्रमा नियमित निर्वाचन सामान्य र आधारभूत कुरा हो । तर हाम्रो विगत भने सधैं अस्थीरताबाट गुज्रिएर आएको छ । त्यसैले चुनाव भन्नसाथ अलिक बढी विशेष सम्झने गरिएको छ । यो जनादेशका रूपमा भने विशेष रूपमै लिनुपर्छ । तर मर्यादा भन्दा बाहिर जाने, खर्चिलो बनाएर चुनावप्रतिकै विश्वास कमजोर बनाउने कार्य रोकिनुपर्छ । चुनावमा मतदाताले विवेकले भन्दा पनि अनेक परिबन्धमा परेर मत दिन्छन् भन्ने बुझाइ बढ्दो छ । त्यसलाई चिरेर संसदीय अभ्यास र लोकतन्त्रमा चुनाव नियमित प्रक्रिया मात्रै भएको बुझाइ विकास गराउन जरूरी छ । अर्कातिर, चुनाव संविधान कार्यान्वयनको पनि मुख्य विषय भएको रूपमा पनि बुझ्नु र बुझाउन आवश्यक छ ।

# भागवण्डाको राजनीति र राष्ट्रघात

*यतिखेर देशमा कुनै विचारबाट प्रेरित राजनीतिक व्यवस्था छैन । राष्ट्र र जनताको हित संरक्षण गर्ने हेतुले कार्य गर्ने सरकार पनि छैन । देश अराजकताको अवस्थाबाट गुज्रीरहेको छ भन्ने कुरा स्पष्टरूपमा बोध हुन्छ । उल्लेखित कुरालाई प्रमाणित गर्न सरकारको पहलमा देशको संसदले सामान्य प्रक्रियासमेत नअपनाई अमेरिकी सरकारसँगको एमसीसी सम्झौता र नागरिकता ऐन संशोधन गर्न विधेयक पारित गरेको कुरालाई हेर्नु पर्याप्त हुनेछ ।*

अग्रलेख



● कृष्ण बेलबासे

भ्रष्टाचारी एवम् राष्ट्रघातिहरु जुनसुकै पृष्ठभूमि र विचारयुक्त होउन्, त्यसले केही फरक पर्दो रहेनछ । ती जुनसुकै अवस्था र स्वरूपका भए तापनि आफ्नो लक्ष्यपुर्तिका लागि एकाबद्ध हुँदा रहेछन् । न पत्याए हेरौं न, हिजोसम्म एक अर्कालाई वर्ग दुश्मनको रूपमा लिँदै अर्कोको अस्तित्व समाप्तिमा आफ्नो सफलता देख्नेहरु यतिबेला एकाबद्ध भएर राष्ट्रिय सम्पत्तिसँगै राष्ट्रको अस्तित्वसमेत समाप्त पार्ने हेतुले लागीपरेका छन् । यो नै तिनीहरुको राजनीतिक अभीष्ट हुने गरेको छ । सरकारका सबै (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) निकायमा आफ्नो पकड जमाउन पुगेकाहरु ती निकायबाट हुनसक्ने गल्ति एवम् खराबीहरुलाई नियन्त्रण गर्ने हेतुले प्रतिपादित 'नियन्त्रण र सन्तुलन' को सिद्धान्तलाई पाखा लगाई परस्पर गठबन्धन कायम गरेर राष्ट्रिय शक्तिको चरम दुरूपयोगमा लागेका छन् । त्यसैले यतिखेर देशमा कुनै विचारबाट प्रेरित राजनीतिक व्यवस्था छैन । राष्ट्र र जनताको हित संरक्षण गर्ने हेतुले कार्य गर्ने सरकार पनि छैन । देश अराजकताको अवस्थाबाट गुज्रीरहेको छ भन्ने कुरा स्पष्टरूपमा बोध हुन्छ । उल्लेखित कुरालाई प्रमाणित गर्न सरकारको पहलमा देशको संसदले सामान्य प्रक्रियासमेत नअपनाई अमेरिकी सरकारसँगको एमसीसी सम्झौता र नागरिकता संशोधन विधेयक पारित गरेको कुरालाई हेर्नु पर्याप्त हुनेछ । ती दुवै चरम राष्ट्रघातका स्पष्ट नमूनाहरु हुन् ।

एमसीसी नेपाललाई असंलग्न राष्ट्रको दायराबाट निकालेर अमेरिकी सैन्य गठबन्धनमा सहभागी बनाउने उद्देश्यले पारित सम्झौता थियो भने भर्खरै पारित नागरिकता विधेयक नेपालको सार्वभौम अस्तित्वलाई समाप्त पार्ने हेतुले स्वीकृत कानुन हो । हुनत नागरिकता विधेयक पारित गर्ने कुरालाई सत्ताधारीले महिलादेखि लिएर देशको निश्चित क्षेत्रका नागरिकहरु प्रति गरिनुपर्ने समान व्यवहारको हिसाबले जायज भएको प्रमाणित गर्न खोजिरहेका छन् । त्यसैगरी एमसीसी र नागरिकता विधेयक दुवै संसदद्वारा बिधायन प्रक्रियालाई सही किसिमले अवलम्बन नगरिकन पारित गरिएका छन् । यससँगै नागरिकता विधेयक पारित गर्ने जमातले नागरिकता विधेयक संविधानको भाग २ को व्यवस्थाबमोजिम पारित गरिएको छ । त्यसैले यसको विरोध गर्ने कार्य नाजायज र नागरिकताको सवालमा अन्यायमा परेकाहरुको हित/अधिकार विरुद्ध छ भन्ने गरेका छन् । यहिँनेर प्रश्न उठ्दछ, के नागरिकता विधेयक संविधानको भावना/व्यवस्था अनुरूप छ ? यस प्रसंगमा विचारणीय कुरा के छ भने नेपालको वर्तमान संविधानमा यति विघ्न राष्ट्रविरोधी र परस्पर बाझिएका व्यवस्थाहरु छन्, तिनलाई हेर्दा उक्त दस्तावेजलाई मूल कानून भन्न सकिने अवस्था छैन । अझ त्यसको कार्यान्वयनका क्रममा कार्यान्वयन गर्ने निकाय/प्राधिकारीसँगै संविधानका व्याख्याताहरुले जे-जस्ता मान्यताहरु स्थापित गरेका छन्, त्यसले संविधानको महत्वलाई धुलिसात पार्ने कार्य गरेको छ ।

यहिँनेर चर्चा गरौं, संविधान देशको मूल कानून हो । त्यसले देशको राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, सरकारको गठन प्रक्रिया र सरकारका अंगहरुको अधिकार क्षेत्रसँगै कार्यप्रणालीको उल्लेख गरेको हुन्छ । यसले नागरिकहरुको अधिकारसँगै सरकार र नागरिकबिचको सम्बन्धलाई समेत व्यवस्थित गरेको हुन्छ । संविधान देशको मूल कानून भएकोले त्योसँग बाझ्ने कानून बाझिएको हदसम्म अमान्य र वदरभागी हुने व्यवस्था समेत हुन्छ । संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक बनाएको छ भने संविधान र कानूनको अन्तिम व्याख्याता देशको सर्वोच्च अदालत रहेको छ । सामान्य तवरमा देशको मूल कानून संविधानमा समाविष्ट व्यवस्था बमोजिम वा त्यस संग नबाझ्ने गरी जस्तोसुकै कानून बनाउने अधिकार संसद/संघीय व्यवस्थापिकालाई छ । राष्ट्रपति संवैधानिक राष्ट्रप्रमुख भएकोले नीजलाई व्यवस्थापिकीय एवम् कार्यपालिकीय विशेषाधिकार प्राप्त छैन । नीजले मन्त्रीपरिषद् वा अन्य कुनै निकायको सल्लाहबमोजिम कार्य गर्नुपर्दछ । त्यसैले व्यवस्थापिकाद्वारा पारित विधेयकलाई प्रमाणिकरण नगरी अस्विकार गर्ने अधिकार नीजसँग छैन । एवम् प्रकारले सर्वोच्च अदालतलाई संविधानसँग नबाझिएको कानूनलाई अमान्य वा बदर गर्ने अधिकार छैन । यस हिसाबले हेर्दा संसदद्वारा नौटंकीको रूपमा पारित विधेयक अस्वीकृत हुने अवस्था रहेको पाइँदैन । तर यो सतही कुरा मात्र हो । यसो किनभने देशको मूल कानून संविधानले राज्य व्यवस्था/सरकार संचालनबारे स्पष्ट व्यवस्था गरेको छ र हुन्छ । संविधानभन्दा माथि कुनैपनि व्यक्ति, संस्था/निकाय रहेको पाइँदैन । यो एकदम ठिक कुरा हो । तर, संविधानले व्यवस्था/संचालन गरेका सरकार र नागरिकको अधिकार जस्ता कुराहरु देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय स्वाधिनता र स्वाभिमान भन्दा माथि हुन सक्दैनन् । यदि संविधानको कुनै प्रावधानले यी कुराहरुलाई कमजोर तुल्याउँछ वा क्षति पुऱ्याउँछ भने त्यस्तो व्यवस्था कुनै अवस्थामा पनि जायज/स्विकृत हुन सक्दैन । कुनै नागरिक वंशज होस् वा अंगिकृत यदि उसले उल्लिखित कुराहरुमा आँच पुऱ्याउँछ भने त्यसको नागरिकता समाप्त हुनसक्दछ । यद्यपि हाम्रो संविधान र कानूनले यो कुरालाई समेटेको छैन । तर, नागरिकको राज्यप्रतिको दायित्व र आस्था उसको नागरिकता प्राप्त गर्ने र कायम राख्ने महत्वपूर्ण आधार हो । तर हामीकहाँ एकातिर विदेशीको उक्साहट र योजनामा राज्यको विरुद्ध हतियार बन्द युद्ध चलाउनेहरु र अर्कातिर नागरिकलाई विभाजित तुल्याएर विदेशी योजनाअनुसार सके देशको अस्तित्वलाई समाप्त पार्ने सो कुरा सम्भव नभए देशमा विदेशी हैकम कायम गर्न लागीपरेकाहरु नै राष्ट्रको नागरिकता कानून संशोधनमा निर्णायक हुन पुगेका छन् । उनीहरुमध्ये कसैले नाङ्गो (विधेयक पारित त्यो पनि छोटो प्रक्रिया अपनाएर) रूपमा त कसैले छद्म (प्रमुख प्रतिपक्षी दल जो देखावटी रूपमा विरोध र यथार्थमा समर्थन गर्दछ) रूपमा राष्ट्रघाति विधेयक पारित गरेका/पारित गर्न सघाएका छन् । यसले सत्ता गठबन्धन जनतालाई घुर्क्याएर अनि प्रतिपक्ष भ्रमित तुल्याएर राष्ट्रघात गर्ने लक्षप्रति प्रतिबद्ध छन् भन्ने देखिन्छ । अझ निर्लज्ज व्यवहार त सत्तापक्ष र प्रतिपक्षी दलमा आबद्ध केही सांसद भनाउँदाहरुको देखिन्छ । जो संचार माध्यममा विधेयकको विरोध गर्दछन् तर, विधेयक पारित हुँदा मौनता साँधेर बस्दछन् । अझ केही त निर्लज्जताको



हद पार गर्ने खालका देखिए । यसो किनभने संचार माध्यममा आएर विधेयक राष्ट्रघाति भए पनि गठबन्धन सरकार टिकाउने बाध्यताका कारण विधेयकको पक्षमा उभिनु पऱ्यो भन्नेसम्मका अभिव्यक्ति दिँदा तिनीहरुलाई कत्ति पनि लज्जाबोध हुन सकेन । यसले देश छद्म र निर्लज्ज दुवै खाले राष्ट्रघातिको पोल्टामा पुगेकोले अब नेपाली जनताले फिजी र सिक्किमभन्दा खतरनाक अवस्थामा पुग्ने दिन नजिकै आईपुगे जस्तो देखिन्छ ।

